
एकाइ ८

# सृजनात्मक एआईको अन्वेषण (Exploring Creative AI)



**Supported By:**

ASML Foundation

Alternatives 4 children

**© Karkhana Samuha, 2025**

Unless otherwise stated, this work is licensed under the Creative Commons Attribution-NonCommercial-ShareAlike 4.0 International (CC BY-NC-SA 4.0) license.

https://creativecommons.org/licenses/by-nc-sa/4.0/

# सृजनात्मक एआईको अन्वेषण (Exploring Creative AI)

## सिकाइका लक्ष्यहरू

यस पाठ एकाइको अन्त्यसम्ममा, विद्यार्थीहरू निम्न कुराहरू गर्न सक्षम हुनेछन् :

- एआई को प्रयोग गरेर सिर्जनात्मक सामग्री बनाउन (जस्तै: चित्र, एनिमेशन, कथा वा डिजाइन) ।
- राम्रो prompt (निर्देशन) कसरी लेख्ने भन्ने बुझ्न र त्यसलाई सिर्जनात्मक काममा प्रयोग गर्न ।
- एआई प्रयोग गरेर आफ्ना कल्पना र विचारलाई दृश्य वा डिजिटल रूपमा प्रस्तुत गर्न ।
- विभिन्न शैलीहरू (जस्तै: cartoon, anime, illustration, realistic आदि) प्रयोग गरेर एआई बाट फरक–फरक परिणाम निकाल्न ।
- एआई लाई सहयोगी उपकरणको रूपमा प्रयोग गर्ने तर पूर्ण रूपमा भर नपर्ने सोच विकास गर्न
- सुरक्षित र जिम्मेवार तरिकाले एआई प्रयोग गर्दै सिर्जनात्मक काम गर्न ।

## 🎨 सिर्जनात्मक एआई भनेको के हो ?

कतिपय एआई उपकरणहरूले तपाईंको कल्पनालाई चित्र वा एनिमेसनमा बदलिदिन सक्छन्। यसलाई Generative AI भनिन्छ किनभने यसले पहिले कहिल्यै नबनेको नयाँ कुरा सिर्जना गर्छ ।

## 🖌️ फरक-फरक शैलीहरू (Styles) सँग खेल्ने

एउटै कुरालाई एआईले हजारौँ तरिकाले बनाउन सक्छ। तपाईंले आफ्नो निर्देशनमा यी शब्दहरू थप्न सक्नुहुन्छ:

- **Cartoon (कार्टुन)**: मिकी माउस वा मोटु-पातलु जस्तो
- **Anime (एनिमे)**: जापानी कार्टुन शैलीको
- **Realistic (वास्तविक)**: ठ्याक्कै सक्कली फोटो जस्तो
- **3D Render**: 'टोय स्टोरी' जस्ता आधुनिक एनिमेसन फिल्मको जस्तो
- **Sketch**: पेन्सिलले कोरेको जस्तो

तपाईंको निर्देशनमा एउटा मात्र शब्द बदल्दा पनि पूरै चित्रको स्वरूप बदलिन्छ।



सचेत प्रयोगकर्ता गीता
(Mindful User Gita)


"मलाई चित्र कोर्न धेरै मन पर्छ, तर कहिलेकाहीँ म नयाँ कुरा कल्पना गर्न सक्दिनँ। त्यस्तो बेला म एआईलाई 'एउटा अन्तरिक्षमा फुटबल खेलिरहेको हात्तीको चित्र कस्तो होला ?' भनेर सोध्छु। एआईले मलाई धेरै सुझाव दिन्छ र म त्यसबाट प्रेरित भएर आफ्नै नयाँ कला बनाउँछु । एआई मेरो एउटा सिर्जनात्मक सहयोगी (Creative Assistant) हो ।

## क्रियाकलाप : चित्र बनाउने र चलाउने

आफैँले कल्पना गर्नुहोस् र एआईलाई भन्नुहोस्:


- **चरण १ (चित्र बनाउने)**: "झ्यालमा बसिरहेको एउटा सानो बिरालोको कार्टुन फोटो बनाऊ ।"
- **चरण २ (शैली बदल्ने):** "अब यसलाई जापानी एनिमे (Anime) शैलीमा बदल ।"
- **चरण ३ (चलायमान बनाउने):** "यसलाई सानो भिडियो बनाऊ जहाँ बिरालोले आँखा झिम्काउँदै र जिउ तन्काउँदै गरेको होस् ।"


# Image FX:




१ पहिले आफ्नो फोनको ब्राउजर (Browser) जस्तै Google Chrome खोलेर ImageFX भनेर सर्च गर्नुहोस ।

२ ImageFX खुलेपछि Prompt दिने बक्सा मा prompt दिनुहोस ।







३ ImageFX मा एउटा prompt बाट ४ ओटा ईमेज बन्छ । सबै हेरेर राम्रो ईमेज download ( ⤓ ) button थिचेर आफ्नो मोबाइलमा save गर्न सख्नुहुन्छ ।





४ अझै prompt लाई बदलेर नया शैलीहरु प्रयोग गर्नुहोस् ।


# ChatGPT:





१. पुनः chatGPT आफ्नो मोबाइलमा खोल्नुहोस् ।

२. आफ्नो ईमेजको prompt दिनुहोस् ।







३. Prompt लाई बदलेर नयाँ शैली प्रयोग गरेर आउट्पुटलआइ बदल्नुहोस्।





४ अझै prompt लाई बदलेर नयाँ शैलीहरु प्रयोग गर्नुहोस् ।


# Gemini:




१. Gemini एप खोल्नुहोस् ।

२. Prompt बक्समा आफ्नो ईमेजको prompt लेख्नुहोस् ।






३ यसमा तपाईंले आफ्नो ImageFX बाट save गर्नुभएको ईमेजलाई prompt बक्सको बाँया भएको plus ⊕ बटन थिचेर आफ्नो फोटो upload गरेर त्यहि ईमेजलै अझै एनिमेट अर्थात् छोटो video नि बनाउन सक्नुहुन्छ ।



शिक्षक विकास
(Teacher Bikash)

याद राख्नुहोस्, एआई (AI) हाम्रो विकल्प होइन, यो त हाम्रो क्षमता बढाउने एउटा शक्तिशाली सहयोगी हो। हामीले देख्यौँ कि कसरी विभिन्न टुलहरूको मिश्रणले साधारण सोचलाई पनि असाधारण परिणाममा बदल्न सक्छ।

त्यसैले, एउटै टुलमा मात्र सीमित नहुनुहोस्; प्रयोग गर्नुहोस्, सिक्नुहोस् र आफ्नो सिर्जनशीलतालाई नयाँ उचाइमा पुऱ्याउनुहोस्। धन्यवाद!